# आचार्य बन्धु समाजको बिधान २०६८ प्रस्तावित संशोधन प्रावधानहरु

बिधानको धारा २६ ले दिएको अधिकार प्रयोग गरि मिति २०७५/०२/२६ गते आचार्य बन्धु समाजको काठमाण्डौको अल्फा हाउसमा भएको छैठौं साधारणसभाको सर्वसम्मतिले नव निर्वाचित कार्यसमितिलाई आवश्यकता अनुसार बिधान संशोधन गर्न दिएको अधिकारलाई प्रयोग गर्दै मिति २०७५/०३/......मा बसेको कार्य समितिको दोश्रो बैठकले उपाध्यक्ष श्री मोहनलाल आचार्यलाई बिधान संशोधनको लागी ३ महले प्रस्ताव तयार गरि आगामी बैठकमा पेश गर्ने गरि सुम्पिएको जिम्मेवारी बमोजिम यो संशोधन प्रस्ताव मिति २०७५/०४/......को बैठकमा छलफल समेत गरि आज मिति २०७५/०८/०१ गतको साधारणसभामा पेश अनुमोदनको लागि गरिएको छ ।

| सि.नं. | बिधानमा हाल भएको व्यवस्था | प्रस्तावित संशोधन/संशोधित व्यवस्था वा थप्नु वा हटाउनु पर्ने प्रावधानहरु | संशोधन वा थपघट गर्नु पर्नाको कारणहरु |
|---|---|---|---|
| १. | धारा १ (क) संस्थाको कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १० नयाँ बानेश्वरमा रहनेछ । | संस्थाको केन्द्रिय कार्यालय काठमाण्डौ जिल्लामा र प्रदेश, स्थानीय/जिल्ला वा सम्पर्क कार्यालय तत् तत् क्षेत्रमा प्रचलित नेपाल कानून तथा आधिकार प्राप्त निकायको अनुमति लिई शाखा वा सम्पर्क कार्यालयहरु बिस्तार गर्न सकिने छ । | प्रचलित व्यवस्था अत्यन्तै साँघुरो भएको र संघीय प्रणाली बमोजिमको संरचना निमार्णमा बाधा पर्न सक्ने र संस्थाको छाता संगठनको रुपमा विकाश हुने सम्भावनामा पनि असर पर्नसक्ने भएकोले । |
| २. | धारा १(ख) को दोश्रो वाक्य, आवश्यकता अनुसार संस्थाले सम्बन्धित जिल्लाको स्थानीय जिल्लाको स्वस्कृत लिई रही नेपाल अधिराज्यभर कार्यक्षेत्र विस्तार गरिने छ । | संस्थाले प्रदेश तथा स्थानीय तहको स्वस्कृत लिई नेपाल भरका हरेक प्रदेश र स्थानीय तहमा कार्यक्षेत्र विस्तार गर्नसक्ने छ । संस्थालाई अन्य यस्तै प्रकृतिका र उद्देश्य भएका संस्थाहरुको छाता संगठनको रुपमा समेत विकाश गरिने छ । नेपाल बाहिर समेत कानून बमोजिमको आवश्यक प्रक्रिया पुऱ्याई संस्था बिस्तार गर्न सकिने छ । | प्रचलित व्यवस्थामा रहेका भाषागत त्रुटिलाई सच्चाउदै नेपालको नयाँ संरचना बमोजिमको संगठनको ढाँचामा समायोजन गर्न र आवश्यकता अनुसार छाता संगठनको रुपमा (फेडेरेशन) विकाश गर्नसमेत सहज बनाउन आवश्यक भएकाले । |
| ३. | धारा १ (घ) को शिर्षकमा "संस्थाको अस्थीत्व" भन्ने रहेको पहिलो वाक्यमा "संस्था हुनेछ" भन्ने शब्दहरु दोहोरिएको, दोश्रो वाक्यमा "शुल्क ललिई" भन्ने तथा अन्तिम शब्दहरुमा "गरिने छैन" भन्ने राखिएको | शिर्षक घ को सट्टामा ग राख्ने र उक्त शव्दहरु क्रमश: संस्थाको अस्तित्व लेखि सच्चाउने, संस्था हुनेछ भन्ने दाहोरिएका शव्दहरु हटाउने तथा शुल्क नलिई र गर्ने छैन भन्ने उल्लेख गरि संशोधन गर्ने । | शिर्षक ग नै नभई घ मात्र उल्लेख भएकोले र अन्य सम्बन्धमा भाषागत त्रुटिहरु भएकोले । |
| ४. | धारा २, परिभाषा शिर्षक अन्तर्गत खण्ड (ग) "सदस्य" भन्नाले यस संस्थाको | "सदस्य" भन्नाले यस बिधानको भाग ३, धारा ६ बमोजिमका सम्पुर्ण सदस्यलाई सम्झनु पर्दछ । | बिधानको हुनु पर्नेमा संस्थाको भएको, धारा हुनुपर्नेमा दफा भएको र धारा ६ को |

| | | | |
|---|---|---|---|
| | भाग ३, दफा ८ बमोजिमका सम्पुर्ण सदस्यलाई सम्भनु पर्दछ । | | सट्टामा दफा ८ भएकोले सच्चाईएको । |
| ५. | धारा २(च) मा रहेको भाषगत त्रुटिलाई सच्चाउने | “सभा” भन्नाले यस बिधान बमोजिम बसेको साधारणसभा र बिशेष साधारणसभा लाई समेत जनाउँदछ । | भाषा सुधार गर्नुपर्ने भएकोले । |
| ६. | धारा २ (छ) मा धारा थप गर्ने | “समिति” भन्नाले यस बिधानको **धारा** १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँदछ । | धारा उल्लेख गर्न छुटेकोले |
| ७. | धारा २ (ज) “स्थानीय निकाय” भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जिबिसलाई जनोदछ । | “स्थानीय तह” भन्नाले गाउँपालिका, महानगर, उपमहानगर, नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउँदछ । सो शब्दहरुले नेपालको संविधान २०७२ बमोजिम गठन हुन सक्ने बिशेष संरचना समेतलाई जनाउने छ । | नेपालको संविधान २०७२ बमोजिम समायोजन गर्न आवश्यक भएकोले । |
| ८. | धारा ५ संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु अप्रर्याप्त रहेको | क. बंश, बंशावली, भाषा, संस्कृति आदी बिषयमा अध्ययन, अनुसन्धान गर्ने ।<br>ख. सोको लागी बिभिन्न क्षेत्रमा छात्रबृति उपलव्ध गराउने,<br>ग. बन्धुहरुको उन्नती र प्रगतीको लागी एकापसमा सहयोग आदान प्रदान गर्ने,<br>घ. बिभिन्न सामाजिक बिषयमा छलफल, गोष्ठि तथा अर्न्तक्रिया गर्ने गराउने,<br>ङ. भाषा, संस्कृति तथा अन्य यस्तै बिषयमा बिभिन्न निकायहरुसंग हातेमालो गर्दै प्रर्वद्धनको लागी आवश्यक कार्यहरु गर्ने<br>च. महिला, बाल बालिका, ज्येष्ठ नागरिक, बृद्ध बृद्धाहरु वा अशक्तहरुको संरक्षण र सम्बर्द्धनको लागी बिशेष कार्यक्रमहरु सञ्चालन गर्ने वा यस्तै प्रकृतिका अन्य कार्यहरु आफै वा अन्य निकायहरुसंग मिलेर गर्ने आदी जस्ता बिषयहरु थप गर्ने । | उद्देश्य पुरा गर्न गर्नुपर्ने कार्यहरुनै स्पष्ट नभएको । |
| ९. | धारा ६ मा संरक्षक सदस्यहरु छुट भएको । | धारा ६ को खण्ड ङ मा संरक्षक सदस्यहरु थप गरि मानार्थ सदस्यलाई खण्ड च मा राखि संशोधन गर्ने ।<br>त्यसै गरी नोटमा रहेको **“प्रक्रिया पुऱ्याउने”** भन्ने शब्दहरु हटाउने । | धारा १० मा शुल्कको व्यवस्था अन्तर्गत संरक्षक सदस्यहरुको शुल्क उल्लेख भएको तर सदस्यता सम्बन्धि धारामा छुट्न गएकोले ।<br>प्रक्रिया सम्बन्धि कार्यबिधि उल्लेख गर्न आवश्यक नभएकोले । |

| | | | |
|---|---|---|---|
| १०. | धारा ६ को नोटमा “दफा १० बमोजिम” भन्ने उल्लेख भएको | दफाको सट्टा धारा लेखि संशोधन गर्ने । | कतै धारा र कतै दफा उल्लेख भएकोले । बिधानमा धारा उल्लेख हुनुपर्ने भएकोले । |
| ११. | धारा ७ खण्ड घ मा सजाय पाएको भन्ने उल्लेख भएको | सजाय नपाएको लेखि संशोधन गर्ने । | गलत र उल्टो अर्थ बोक्ने शब्द उल्लेख भएकोले । |
| १२. | धारा ९ (१) (क) मा दफा उल्लेख भएको | दफाको सट्टा धारा लेखि संशोधन गर्ने । | बिधानमा धारा उल्लेख हुनुपर्ने भएकोले । |
| १३ | धारा ९ (१) (ग) मा सदस्यले कार्य समिति समक्ष दिएको राजिनामा स्वीकृत भएमा भन्ने उल्लेख भएको | उक्त प्रावधान हटाउने | आवश्यक नभएकोले । |
| १४. | धारा १० मा दफा ६ बमोजिमको सदस्यहरु भन्ने उल्लेख भएको | दफाको सट्टा धारा लेखि संशोधन गर्ने । | बिधानमा धारा उल्लेख हुनुपर्ने भएकोले । |
| १५. | धारा १० मा बिधानको दफा ६ बमोजिमको सदस्यहरुले ......भन्ने उल्लेख भएको ।<br>धारा १० (१) (क) र (ख) मा क्रमशः प्रवेश शुल्क रु. ५०० र बार्षिक नविकरण शुल्क रु. १०० रहेको | दफाको सट्टा धारा लेखि संशोधन गर्ने ।<br><br>प्रवेश शुल्क रु. २०० र बार्षिक नविकरण रु. १०० गरि संशोधन गर्ने ।<br><br>**तर यस अघि सदस्यता लिईसकेका सदस्यहरुलाई यो व्यवस्था लागु हुनेछैन** भन्ने व्यवस्था थप गर्ने । | बिधानमा धारा उल्लेख हुनुपर्ने भएकोले ।<br><br>कमजोर बर्गका बन्धुहरुलाई समेत समेटनु पर्ने भएकोले । |
| १६. | धारा १० (३) मा प्रवेश शुल्क बाहेक आजिवन सदस्यता शुल्क रु. ५,००० रहेको | आजिवन सदस्यता शुल्क रु. १०,००० राखि संशोधन गर्ने ।<br><br>***रु. १0,000 बढि भयो, रु. ७,000 राख्नु पर्दछ भन्ने प्रस्ताव समेत आएकोले हलले प्रस्ताव गर्न अनुरोध गर्दछु ।*** | एकपटक मात्र तिर्नुपर्ने भएकोले र संस्था सदस्यता शुल्कमानै निर्भर हुनुपर्ने भएकोले **-यो संशोधनको पश्चातदर्शी असर हुनेछैन तर थप्न चाहाने आजिवन सदस्यलाई यो प्रावधान बमोजिम थप शुल्क दिन यो प्रावधानले रोक लगाएको मानिने छैन ।** |
| १७. | धारा १० को उपधारा ३, ४ र ५ मा प्रवेश शुल्क रु. ५०० रहेको | उक्त उपधाराहरुमा रु. २०० राखि मिलान गर्ने । | प्रवेश शुल्क बढि भएकोले । |
| १८. | धारा १० (६) मा संस्थाको मानार्थ सदस्य बन्न चाहने व्यक्तिले देहाय बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछ | उक्त प्रावधान हटाउने र उपधारा (२) लेखि मिलाउने । | मनार्थ सदस्यले प्रक्रिया पुऱ्याउनु नपर्ने र उपधारा (१) पछि अर्को अनुच्छेदमा उपधारा लेख्न छुटेकोले । |

| | | | |
|---|---|---|---|
| | भन्ने व्यवस्था रहेको र नविकरण शुल्क सम्बन्धि व्यवस्थाको अनुच्छेदमा उपधारा लेख्न छुट भएको । | | |
| १८. | धारा १० (८) मा उपधारा (२) बमोजिम म्याद भित्र भन्ने भएको | उपधारा (७) बमोजिम म्याद भित्र भन्ने उल्लेख गरि संशोधन गर्ने । | त्रुटि भएकोले सच्चाईएको । |
| १९. | धारा १६ (१) को कार्य समितिको जम्मा सदस्य संख्या १९, जसमा ३ जना उपाध्यक्ष, १२ जना सदस्य (१० जना निर्वाचित र २ जना अध्यक्षबाट मनोनयन) को व्यवस्था रहेको ।<br>समावेशीकरणका बिषयमा उल्लेख नभएको । | १ जना महिला सहित ३ जना उपाध्यक्ष, १० जना निर्वाचित सदस्य र ४ मनोनित सदस्य गरी २१ जना कार्यसमिति सदस्य हुने व्यवस्था राख्ने । जम्मा सदस्य तथा पदाधिकारीहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य प्रतिनिधित्व हुनेछ ।<br><br>सदस्यहरुको हकमा प्रत्येक प्रदेशबाट कम्तिमा १, १ जना प्रतिनिधित्व हुने गरी समावेशी शिद्धान्तका आधारमा नियुक्त गर्ने व्यवस्था गर्ने प्रावधान राखि संशोधन गर्ने ।<br><br>कार्य समितिमा क्षेत्रीय सन्तुलन मिलाई कम्तिमा हरेक प्रदेशका एक एक जना संयोजक समेत तोकिने छ वा प्रदेशको प्रतिनिधित्व हुने गरि सम्बन्धित प्रदेशमा दर्ता भएको आचार्य समाजलाईनै त्यस प्रदेशको संस्थागत संयोजक समेत तोक्न सकिनेछ भन्ने व्यवस्था राखि संशोधन गर्ने | नेपालको संविधान २०७२ को प्रावधान बमोजिम मिलान गर्न आवश्यक भएको संस्थाको बिस्तारको लागी ब्यक्ति तथा संस्था दुवैलाई संलग्न गरि जान आवश्यक भएकोले । |
| २०. | धारा १६(३) मा थप गर्ने | तर ६ महिना वा सो भन्दा कम अवधिको लागी निर्वाचन वा मनोनयन गर्न कर लाग्ने छैन भन्ने वाक्य थप्ने ।<br><br>त्यसै गरि अध्यक्ष वा कार्य समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा आचार्य बन्धुका साधारण सदस्यहरु मध्ये बाट आमन्त्रण गर्न सक्ने छ भन्ने थप गर्ने । | छोटो अवधिको लागी निर्वाचन वा मनोनयन गर्न असम्भव हुने भएकोले ।<br><br>आमन्त्रित सदस्यको रुपमा थप गर्न आवश्यक भएकोले । |
| २१. | धारा १६(१०) मा बिधानको **धारा ९(१)** मा उल्लेखित शुल्क भन्ने प्रावधान रहेको | धारा १०(१) गराई संशोधन गर्ने | सच्चाइएको । |

| | | | |
|---|---|---|---|
| २२. | धारा १८ मा ……पदाधिकारीहरुले **अध्यष** समक्ष उल्लेख भएको । | अध्यक्ष लेखि मिलाउने | भाषा मिलान गरिएको । |
| २३. | धारा १९ मा ….उप समितिहरु **गठन** गर्न सक्नेछ……उल्लेख भएको । | **गठन** लेखि मिलाउने | भाषा मिलान गरिएको । |
| २४. | धारा २०(१) (घ) मा ….गराउने गरी सम्पन्न कार्य सम्पन्न गर्ने उल्लेख भएको । | **पहिलो सम्पन्न हटाउने** | दोहोरो शब्द हटाई भाषा मिलान गरिएको । |
| २५. | धारा २२(२) मा **उपधारा (१) बमोजिम खडा भएको कोष कार्य समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । तर अध्यक्षले लिखित अख्तियारी दिएको अवस्थामा महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट समेत कोष सञ्चालन हुनसक्नेछ** भन्ने उल्लेख भएको । | उपधारा (१) बमोजिम खडा भएको कोष कार्य समितिको अध्यक्ष वा नीजले तोकेको १ जना पदाधिकारी, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । उक्त खाता कोषाध्यक्ष र अर्को १ जना (अध्यक्ष वा निजले तोकेको पदाधिकारी तथा माहसचिव मध्ये) को संयुक्त हस्ताक्षरबाट मात्र खाता सञ्चालन गर्न सकिनेछ भन्ने राखि मिलान गर्ने । | महासचिवलाई अनिवार्य रुपमा राख्ने र अध्यक्षको सट्टामा अध्यक्ष वा निजले तोकेको १ जना पदाधिकारी राखि बिकल्प दिन आवश्यक देखिएकोले । |
| २६. | धारा २५ मा उपधारा ४ थप गर्ने | उपधारा ४ मा यस संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यस बिधान तथा नेपाल कानूनको अधिनमा रही आफ्ना शाखाहरु तथा सञ्जाल बिस्तार गर्न वा कानून बमोजिम सुचिकृत गर्न सक्ने छ भन्ने प्रावधान थप गर्ने । | संस्थाको क्षेत्राधिकार बिस्तार गर्न र संघीय प्रणालीको ढाँचा अनुकुल मिलान गर्न आवश्यक भएकोले । |
| २७. | धारा २८ (३) मा "अध्यक्षको बिरुद्धमा अविश्वासको प्रस्ताव पारित भएमा कार्यसमितिले तोकेको कार्यवाहक अध्यक्षको हैसियतले कार्य गर्ने छ" भन्ने व्यवस्था रहेको । | अध्यक्षको बिरुद्धमा अविश्वासको प्रस्ताव पारित भएमा कार्यसमितिले तोकेको **उपाध्यक्षले** कार्यवाहक अध्यक्षको हैसियतले कार्य गर्ने छ" भन्ने व्यवस्था राखि संशोधन गर्ने । | स्पष्ट प्रावधान नभएकोले स्पष्ट पारिएको |